# झिमरुक गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## भ्यागुते,प्यूठान
## लुम्बिनी प्रदेश,नेपाल

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

झिमरुक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय भ्यागुते, प्यूठान लुम्बिनी प्रदेश, नेपाल

प.स.: -२०७८/०७९ मिति :- २०७८/ ०४/ ११

च.नं / सूचना नं. : - स्वास्थ्य-०२

## कोभिड-१९ विरुद्धको खोप लगाउने सम्बन्धी झिमरुक गाउँपालिकाको सूचना।

झिमरुक गाउँपालिका अन्तर्गत मिति २०७८ साउन १४ र १५ गते खोप उपलब्धताको आधारमा कोभिड-१९ विरुद्धको खोप अभियान (Jonssen and Jonssen खोप Single Dose) संचालन हुने भएकोले तपसिलमा उल्लिखित लक्षित समूह,आधार र स्थानमा हुने भएकोले परिचय खुल्ने प्रमाण-पत्र सहित आफ्नो वडामा रहेको खोप केन्द्रबाट खोप लगाउनु हुन सम्बन्धित सबैमा हार्दिक अनुरोध गरिन्छ।

**तपसिल**

### १. खोप दिने लक्षित समूह:

- ५० वर्षदेखि ५४ वर्ष उमेर समूहका कोभिड विरुद्धको पहिलो मात्रा खोप लगाउन बाँकी सबै नागरिकहरू,
- खोप अनिवार्य गरेका देशमा जाने नेपाली नागरिकहरू र वैदेशिक रोजगारमा जाने तयारीमा रहेका व्यक्तिहरु
- पूर्ण र अति अशक्त अपाङ्गता भएका व्यक्तिहरु ‘क ’ र ‘ख’ वर्गमा परेका मात्र
- यस अघि खोप लगाउन छुटेका स्वास्थ्यकर्मी र सरसफाईकर्मी
- हाल नेपालमा बसोबास गरेका सरणार्थीहरु

### २. खोप दिने र लिने आधारहरू

- उमेर समूहको हकमा उमेर खुल्ने आधिकारिक प्रमाण-पत्र
- खोप अनिवार्य गरेका देशमा जाने नेपाली नागरिकहरूको हकमा पासपोर्ट र भिसाको आधारमा
- अपाङ्गता भएका व्यक्तिहरुको हकमा जारी गरीएको परिचय पत्रका आधारमा।
- खोप लगाउन छुटेका स्वास्थ्यकर्मी र सरसफाईकर्मीहरुको हकमा परिचय पत्रका आधारमा

### ३. खोप लगाइने स्थान

***झिमरुक गाउँपालिकाका सवै स्वास्थ्य चौकी र आधारभूत स्वास्थ्य सेवा केन्द्र***

.................. ०६।१८।१९

हरि प्रसाद पोखरेल

नि.प्रमुख प्रशासकीय अधिकृत